रणनीतिक योजना

(२०१५-२०१९/२०७२-२०७७)

श्री जनता बहुमुखी क्याम्पस

इटहरी – ५ , सुनसरी

फोन नं. ०२५–५८१३००, फ्याक्स : ०२५–५८००६४

नोटिस वोड नं. : १६१८०२५५८१३००

वेभ साइट : www.jantacampusith.edu.np

इ–मेलः jmcith@gmail.com

विषय सूची

खण्ड - एक
परिचय
Introduction

पृष्ठ सङ्ख्या

१.१. पृष्ठभूमी (Intioduction and Rationale) : १
१.२. योजनाका उद्देश्यहरू (Purpose of the Plan) : १
१.३. योजना निर्माण प्रक्रिया/ विधि (Process of Preparing the Plan): २
१.४. सहभागिहरू (Participants) : २
१.५. सरोकारवालाहरू (Stakeholders) : २
१.६. रणनीतिक योजनाका प्रमुख पक्षहरू (Components of the Strategic Plan) : ५
१.७. रणनीतिक योजनाको मूल्य र मान्यता (Norms and Values of Strategic Plan) ५

खण्ड - दुई
संस्थागत पार्श्वचित्र
Institution's Profile

२.१. सेवाक्षेत्रको समीक्षा (Overview of the Catchments Area) : ७
२.१.१. भौगोलिक अवस्थिति (Geographical Setting) : ७
२.१.२. सामाजिक, सांस्कृति, आर्थिक र राजनीतिक स्थिति (Socio, Cultural, Economic and Political Status) ७
२.१.३. शैक्षिक अवस्था र क्षेत्र (Educational Status and Scope): ८
२.१.४. क्याम्पसको सरोकारका क्षेत्र (Concern diamension of campus) : ८
२.२. संस्थाको विवरण (Description of the Institution) : १०
२.२.१.ऐतिहासिक पृष्ठभूमी (Historical Background) : १०
२.२.२. भौतिक पूर्वाधार विकास (Phisical Infrastructures) : १४
२.३ शैक्षिक कार्यक्रम तथा सहक्रियाकलाप व्यवस्थापन (Academic Programmes and Curricular Management) : १५
२.३.१ विद्यार्थी तथा कार्यक्रम विवरण २०६९-२०७२ (Programmes and Student Enrollement and Composition): १५
२.३.२ शिक्षण सिकाई व्यवस्थापन र सहयोग (Curricular Management and Support): १६
२.३.३ शिक्षण सिकाई व्यवस्थापन र अभ्यास (Curricular Management and Practice): १६
२.३.४ शिक्षण सिकाइ स्रोतहरू र सहयोग (Teaching Learning Resources and Support): १६
२.३.५. परीक्षा प्रणाली (Examination System and Result) : १७
२.४. मानवीय स्रोत र व्यवस्थापन (Human Resource Management) : १७
२.४.१ प्रशासनिक संरचना व्यस्थापन र कर्मचारी विवरण (Administrative and Management Personals and Staffs) : १७

२.४.२. सङ्कायगत कार्यक्रम (Educational Programme) : १७
२.५. संस्थागत व्यवस्थापन (Institutional Management) : १८
२.५.१ व्यवस्थापन समिति (Management Committee) : १८
२.५.२. प्रशासन (Administration) : २०
२.५.३. प्राज्ञिक व्यवस्थापन (Academic Managemnet) : २०
२.६. आर्थिक तथा वित्तिय व्यवस्थापन (Economic and Financial Management) : २०
२.६.१. सञ्चालन आय, व्यय तथा बचत (Income Expenditure and Surplus Trend) : २०
२.६.२ आम्दानीका स्रोतहरू (Sources of Income) : २१
२.६.३ प्रतिविद्यार्थी लागत (Cost Per student) : २१
२.६.४ लेखा प्रणाली (Financial System) : २१
२.६.५ आर्थिक दीगोपनका (Finnacial Sustainability) २१
२.७ अनुसन्धान , अभिलेखीकरण र प्रकाशन (Research , documentation and publications) २२
२.८ अतिरिक्त क्रियाकलाप (Extra Curricular Activities) : २२
२.८.१ Indoor Activities (कोठा भित्र) २२
२.८.२ Out door Activities (कोठा बाहिर) २२

खण्ड - तीन

विकास प्रवृत्ति

Development Trend

३.१. भौतिक संरचनाको पूर्वाधार (Physical Infrastructure) : २३
३.२. कार्यक्रमिक/ प्राज्ञिक विकासको प्रवृति (Program/Academic Development Trend) : २३
३.३. विद्यार्थी भर्ना प्रवृति (Student Enrolment Trend) : २३
३.४. शिक्षक विद्यार्थी अनुपात (Teacher Student Ratio) : २४
३.५. संस्थागत विकास (Institutional Development) : २४
३.६. आर्थिक तथा वित्तीय विकास (Economic and Financial Development) : २४

खण्ड - चार

संस्थागत अवस्था विश्लेषण

SWOT Analysis of Institution

४.१. सवल पक्षहरू (Strengths): २५
४.२ कमजोरीहरू(Weaknesses) : २६
४.३. अवसरहरू (Oppportunities) : २६
४.४. अवरोधहरू (Threats) : २७

४.५ संस्थागत विकासका लागि मुख्य प्राथमिकताका क्षेत्रहरू (Core Priorities for the Institutional Development): २७

खण्ड - पाँच

रणनीतिक योजना

Strategic Plan

५.१ परिकल्पना, ध्येय , लक्ष्य र उद्देश्य (VMGO): २८
५.२ मूल्य र मान्यता (Norms and Value): २९
५.३ आचारसंहिता (Code of Conduct): २९
५.४ रणनीतिक योजनाका प्रमुख क्षेत्रहरू (Major Sectors of Strategic Plan) : ३२-४८

अनुसूचीहरू

खण्ड - एक
परिचय
Introduction

१.१. पृष्ठभूमी (Intioduction and Rationale) :

बि.स.२०४५ सालमा सामुदायिक तहबाट जनता बहुमुखी क्याम्पसको स्थापना भएको हो । मुलुकको शैक्षिक बिकाश गर्दै समुन्नत राष्ट्रको निर्माण गर्नकालागि समुदायको आवश्यकता, सम्लग्नता लगानी र जनसहभागितामा उच्च तह सम्मको शैक्षिक क्रियाकलापहरू सञ्चालन गर्ने ध्येयले जनता बहुमुखी क्याम्पसको स्थापनाको आवश्कता महसुश गरिएको थियो । भविष्यमा एउटा "स्वच्छ शैक्षिक समुन्नत समाज निर्माणका लागि उन्नत शैक्षिक उन्नयन" गर्ने उदेश्यले सरोकारवाला पक्षहरूको प्रत्यक्ष सहभागिता र सम्लग्नतामा पहिलो रणनीतिक योजना २०१०-१४ निर्माण गरि कार्यान्वयन सम्पन्न गरिसकिएको र दोस्रो रणीतिक योजना निर्माणको चरणमा प्रवेश गरिएको छ ।

पहिलो रणनीतिक योजना २०१०-२०१४ निर्माण भई UGC-HSEP-'C' Scheme सम्पन्न भई सकेको हुँदा अन्तरराष्ट्रिय गुणस्तरीय शिक्षाका लागि २०१४-०१-१० मा UGC सँग LOI सम्झौता सम्पन्न भएकोले सो प्राप्तिकालागि दोस्रो रणनीतिक योजना २०१५-२०१९ निर्माण गरिएको हो ।

रणनीतिक योजना भनेको उपलब्ध साधनहरूको आधारमा वातावरणीय विश्लेषण गरी संस्थाको सवल र दुर्वल पक्ष , अवसर तथा चुनौतीहरू पहिचान गरी संगठनात्मक रुपमा लक्ष्य तथा उद्देश्य निर्धारण गर्नु र विकल्पको छनौट गरी कार्ययोजना बनाउनु हो ।

यस क्याम्पसको रणनीतिक योजनाको निर्माण गर्ने क्रममा क्याम्पसको VMGO, आचारसंहिता र रणनीतिक योजनाका प्रमुख क्षेत्रहरूको आधारमा सरोकार पक्षबीच सहभागितात्मक रुपमा समूहगत प्रस्तुती , छलफल गरी निम्नानुसार तयार गरिएको छ ।

१.२. योजनाका उद्देश्यहरू (Purpose of the Plan) :

१. जनसहभागिता अभिबृद्धि गरि सरोकारवालाहरूको अपनत्व महसुश गराउने ।
२. गुणस्तरीय तथा व्यवहारिक शिक्षा प्रदान गर्ने,
३. अनुसन्धानमूलक शैक्षिक क्रियाकलाप मार्फत दक्ष जनशक्ति उत्पादन गर्ने ।
४. दीगो व्यवस्थापन सहितको साधन श्रोत सम्पन्न शैक्षिक संस्थाको रुपमा बिकाश गर्ने । पर्यावरणीय पक्षलाई अधिकतम उपयोग गर्ने ।

१.३. योजना निर्माण प्रक्रिया/ विधि (Process of Preparing the Plan):

सरोकारवाला पक्षहरूको प्रत्यक्ष संलग्नतामा २ दिने कार्यशाला गोष्ठी गरी क्याम्पसमा भएका पूर्व सञ्चालित कार्यक्रमहरूको पुनरालोकन, अवस्थाको विश्लेषण, छलफल, अन्तरक्रिया, समूहगत कार्य, प्रस्तुती, विषयगत र क्षेत्रगत कार्यको निचोड, ड्राफ्ट तयारी , सरोकारवाला पक्ष र विशेषज्ञ समेतको छलफल एवम् सुझाव संकलन गरी यो रणनीतिक योजनालाई अन्तिम रूप दिने कार्य भएको छ ।

१.४. सहभागिहरू (Participants) :

क) व्यवस्थापन समितिका पदाधिकारीहरू,
ख) परिषद् सदस्यहरू,
ग) क्याम्पस प्रमुख
घ) सहायक क्याम्पसप्रमुख ,
ङ) स्नातकोत्तर कार्यक्रम संयोजक,
च) प्राध्यापक संघका पदाधिकारीहरू,
ज) स्थानिय संघ संस्थाका प्रतिनिधिहरू,
ज) प्राध्यापकहरू,
झ) विषय शिक्षण समितिका प्रतिनिधिहरू,
ञ) स्थानिय राजनीतिकदलका प्रतिनिधिहरू,
ट) स्थानीय उद्योग वाणिज्य संघ र सहकारी संस्थाका प्रतिनिधिहरू,
ठ) विभिन्न विद्यार्थी संघ सङ्गठनका प्रतिनिधिहरू,
ड) योजना सम्बन्धि विशेषज्ञहरू
ढ) अभिभावकहरू आदि ।
ण) नेपाल सरकारका कार्यालय प्रतिनिधि, कर्मचारीहरू
त) विभिन्न तह सङ्कायका उत्कृष्ट विद्यार्थीहरू

१.५. सरोकारवालाहरू (Stakeholders) :

क्याम्पसको संस्थागत विकास गर्न प्रत्यक्ष र अप्रत्यक्ष ढङ्गले संलग्न व्यक्ति, संस्था र निकायहरू सरोकारवाला पक्षका रूपमा रहेका छन् । यस क्याम्पसको लागि विद्यार्थी, प्राध्यापक, कर्मचारी, व्यवस्थापन समिति, अभिभावक, समुदाय, राजनीतिक दलहरू, विभिन्न संघ संस्थाहरू, पत्रकार, त्रिभुवन विश्वविद्यालय,स्थानिय शिक्षण संस्थाहरू, विश्वविद्यालय अनुदान आयोग, उच्च माध्यमिक शिक्षा परिषद्, स्थानिय निकाय (गा.वि.स., उ.म.न.पा., न.पा., जि.वि.स.), सहयोगी निकाय (दातृ संस्थाहरू), चन्दा दाता, जग्गा दाता, समाजसेवी, विभिन्न संघ संस्थाहरू र आसपासका विद्यालयहरूलाई सरोकार पक्षका रूपमा लिन सकिन्छ । रणनीतिक योजना तर्जुमा कार्यशालामा संलग्न सरोकार पक्षका सहभागीहरूबीच समूह कार्य, प्रस्तुती र छलफल गरी सरोकारवालारूको अपेक्षा तथा रणनीतिहरू विश्लेषण गरी निर्धारण गरियो जुन यस प्रकार छन

१. विद्यार्थी

अपेक्षा	सन्देश तथा रणनीतिहरू
➢ नियमित, वैज्ञानिक तथा प्रभावकारी पठनपाठन	➢ आचारसंहिता निर्माण र कार्यान्वयन गर्ने ➢ नियमति अनुगमन तथा मूल्याङ्कन परिपाटीको विकास गरिनुपर्ने
गुणस्तरीय सेवा प्रदान: ➢ पुस्तकालय ➢ छात्रवृत्ति ➢ शैक्षिक सामग्री ➢ कक्षाकोठा ➢ योग्य तथा दक्ष शिक्षक ➢ शैक्षिक वातावरण ➢ क्षेत्र अध्ययन तथा प्रोजेक्ट वर्क, इन्टर्नसिप	➢ क्याम्पस प्रशासन, व्यवस्थापन समिति, प्राध्यापक, विद्यार्थी, प्राध्यापक संघ, स्वविय्, विद्यार्थी संग/संगठनहरू, सरोकारवालाहरूसँग सहकार्य गरी पुस्तकालय, छात्रवृत्ति, शिक्षक व्यवस्थापन, शैक्षिक वातावरण निर्माण र अध्ययन भ्रमणसँग सम्बन्धित आवश्यक नीति निर्माण गरी प्रभावकारी कार्यान्वयन एवम् अनुगमन हुनेछ
➢ आन्तरिक परीक्षा सञ्चालन गर्नुपर्ने	➢ मूल्याङ्कन प्रणाली व्यवस्थित गर्नुपर्ने
➢ विद्यार्थीहरूको अन्तरप्रतिभालाई प्रस्फुटन गर्ने वातावरण हुनुपर्ने	➢ वार्षिक कार्यक्रम वनाइ निर्धारित समयमा अतिरिक्त कृयाकलापहरू सञ्चालन गर्ने
➢ उपचारको सुविधाकोषको व्यवस्था हुनुपर्ने	➢ क्याम्पस भित्रका सञ्चालित गतिविधिहरूमा दुर्घट्ना भएमा उपचारको व्यवस्था गर्ने
➢ यातायात ➢ छात्रावास/छात्रवास ➢ चमेनागृह	➢ स्थानिय बस व्यवसायीहरुसँग सम्झौता गरी विद्यार्थी ओसार पसारका लागि व्यवस्था मिलाइनेछ । ➢ दातृ निकायहरुको सहयोगमा छात्रावासको व्यवस्था गरिनेछ । ➢ क्याम्पसले आफ्नो आवश्यकतानुसारको चमेनागृह व्यवस्था गर्नेछ ।

२. प्राध्यापक

अपेक्षा	सन्देश वा रणनीतिहरू
➢ अनुकुल सम्मानित शैक्षिक वातावरण ➢ स्तरवृद्धि, अनुसन्धान, तालिम, अध्ययन विदा, शैक्षिक सामग्री, बढुवाको व्यवस्था गरिनुपर्ने ➢ सेवा सुरक्षा सहित पारिश्रमिक तथा भत्ताको व्यवस्था हुनुपर्ने, ➢ आवश्यक भौतिक पूर्वाधार हुनुपर्ने ➢ उपचारको सुविधाकोषको व्यवस्था हुनुपर्ने	➢ प्रशासन, विभिन्न सङ्काय तथा विषय विभागहरूसँग समन्वय गरी गुणस्तरीय शैक्षिक वातावरण कायम गर्ने ➢ समय सापेक्ष शैक्षिक वातावरणमा सुधारका लागि सरोकारवालाहरूको लागि क्याम्पसले स्तरवृद्धि कार्य अन्तर्गत अध्ययन विदाको व्यवस्था गर्नुपर्ने ➢ समयानुकुल पारीश्रमिक दिने ➢ राम्रो पुस्तकालय, आवासगृह, छुट्टै प्रशासनिक भवन, मल्टिमिडियायुक्त कक्षाकोठाको व्यवस्था गर्ने ➢ कामको शिलसिलामा दुर्घट्ना भएमा उपचारको व्यवस्था गर्ने

३. कर्मचारी

अपेक्षा	सन्देश वा रणनीतिहरू
➢ उपयुक्त प्रशासनिक वातावरण ➢ प्रोत्साहनको वातावरण हुनुपर्ने ➢ निर्णय प्रकृयामा सहभागिता ➢ कार्य समय दिवा सत्रमा हुनुपर्ने ➢ अध्ययनको सुविधा ➢ उपचारको सुविधाकोषको व्यवस्था हुनुपर्ने	➢ प्रत्येक शाखाको लागि व्यवस्थित कार्यकक्षको व्यवस्था गर्ने ➢ आवश्यक तालिम र आन्तरिक बढुवाको व्यवस्था गर्ने ➢ व्यवस्थापन समितिमा कर्मचारीको प्रतिनिधित्व हुनुपर्ने ➢ कर्मचारीहरूलाई अध्ययन र स्तरवृद्धिको सुविधा प्रदान गर्ने ➢ कामको शिलसिलामा दुर्घट्ना भएमा उपचारको व्यवस्था गर्ने

४. व्यवस्थापन समिति

अपेक्षा	सन्देश वा रणनीतिहरू
➢ स्वस्थ, समुन्नत, शान्त गुणस्तरीय तथा समृद्ध क्याम्पस बनाउने ➢ आर्थिक र शैक्षिक रुपले समृद्ध बनाउने ➢ नीति नियम निर्माण र कार्यान्वयन गराउने,	➢ यस क्षेत्रका प्राज्ञिक विशेषज्ञहरू, राजनैतिक दलहरू र समुदाय तथा सरोकारवालासँग सम्बन्ध र सरसल्लाह गरी अल्पकालिन तथा दीर्घकालिन गुरुयोजनाहरू तयार गर्ने र कार्यान्वयन गर्ने/गराउने ➢ नियमित अनुगमन तथा सुपरिवेक्षण गर्ने ➢ आर्थिक र शैक्षिक विकासका लागि सरोकारवालाहरूसँग परामर्श गरी नियमित अनुगमन र व्यवस्थापन गर्ने ➢ क्याम्पस सञ्चालनका लागि आवश्यक पर्ने नीतिगत निर्णय र नियमहरू ब्नाउने

५. अभिभावक

अपेक्षा	सन्देश वा रणनीतिहरू
➢ आफ्ना बालबालिकाहरूलाई गुणस्तरीय, सर्वसूलभ एवम् रोजगारमूलक तथा व्यवहारिक शिक्षा शान्त वातावरणमा प्रदान गर्ने	➢ व्यवस्थापन समितिलाई रचनात्मक सरसल्लाह दिई समय समयमा अनुगमन गर्ने

६. समुदाय

अपेक्षा	सन्देश वा रणनीतिहरू
➢ सर्वसमुन्नत स्तरिय भई स्थानिय गौरव स्तम्भ बनोस्	➢ व्यवस्थापन समितिलाई रचनात्मक सुझाव दिनुका साथै समय समयमा अनुगमन गर्ने र सक्दो सहयोग गर्ने

७. राजनीतिक दलहरू

अपेक्षा	सन्देश वा रणनीतिहरू
➢ सर्वसुलभ स्तरिय व्यवसायिक एवम् समायनुकुल वहुसङ्कायका विषयहरू समुन्नतरुपमा पठनपाठन सञ्चालन गरी राष्ट्रिय जीवनमा योगदान पुऱ्याउने	➢ विधानतः सृजनसिल व्यवस्थापन समिति निर्माणमा योगदान पुऱ्याउने ➢ विभिन्न राष्ट्रिय तथा अर्न्तराष्ट्रिय संघ संस्थाहरूबाट आर्थिक तथा भौतिक सहयोग जुटाउने ➢ विभिन्न समुदायहरूसँग समन्वय गराई सहयोग जुटाउने

८. स्थानिय सामाजिक संघ संस्थाहरू

अपेक्षा	सन्देश वा रणनीतिहरू
➢ स्थानिय आवश्यकतामा आधारित जनशक्ति उत्पादन गर्न सकोस्	➢ स्थानिय आवश्यकतालाई प्राथमिकतामा राखी सरोकारवालासँगको छलफल र परामर्शका आधारमा शैक्षिक गुणस्तर अभिवृद्धी गरिनेछ ।

१.६. रणनीतिक योजनाका प्रमुख पक्षहरू (Components of the Strategic Plan) :

रणनीतिक योजना निर्माणका क्रममा सरोकारवाला पक्षहरूको सहभागिता अनुसार क्याम्पसको परिकल्पना साकार बनाउन लक्ष्य, उद्देश्य, कार्यक्रम र रणनीतिहरूका बारेमा छलफल गरी निर्धारण गर्ने काम भएको छ । जसका लागि सरोकारवाला पक्षहरूको प्रत्यक्ष सहभागितामा क्याम्पसका सफलता, गुनासाहरू, गर्न नसकेका कामहरू, गर्नु पर्ने कामहरू र विद्यमान अवस्थाको विश्लेषण गरी VMGO (Vision, Mission, Goal and Objectives) निर्धारण र रणनीतिक योजनाका प्रमुख क्षेत्रहरूको क्षेत्रगत लक्ष्य, उद्देश्य, क्रियाकलाप, सूचक र रणनीति सम्बन्धी कार्य योजनाहरू समावेश गरिएको छ । क्याम्पसकालागि रणनीतिक योजनाका प्रमुख क्षेत्रहरूमा क्रमशः व्यवस्थापन तथा संस्थागत विकास, शैक्षिक विकास, पर्यावरण तथा भौतिक पूर्वाधार विकास, आर्थिक व्यवस्थापन (दिगो आर्थिक विकास), अनुसन्धान प्रकाशन र अभिलेखीकरण, सुशासन एवम् समावेशीकरणलाई निर्धारण गरिएको छ ।

१.७. रणनीतिक योजनाको मूल्य र मान्यता (Norms and Values of Strategic Plan) :

रणनीतिक योजना निर्माण गर्नु भनेको भविष्यको आवश्यकता, सम्भावना र चुनौतीहरूको लेखजोखा गरी कार्यान्वयन तथा मूल्याङ्कनको मापदण्ड (Criteria) तयार पार्ने भएकाले यो आफैमा एउटा महत्वपूर्ण औजार हो । यसले भविष्यमा गरिने क्रियाकलापको (Activities) दिशावोध गर्दछ । सरोकारवाला पक्षहरूबीचको प्रत्यक्ष संलग्नतामा निर्माण गरिएको हुनाले यसले सबैमा अपनत्व (Ownership) उत्तरदायित्वको भावना अभिवृद्धि गरी क्याम्पसको संस्थागत विकासमा टेवा

पुऱ्याउछ । सहजकर्ता, विषय विशेषज्ञ एवम् आबद्ध पक्षको सहभागितात्मक कार्यशैलीमा चरणबद्ध रूपमा योजना तयार गरिनु आफैमा महत्वपूर्ण उपलब्धिका रूपमा लिन सकिन्छ । यसले क्याम्पसलाई निम्न लिखित फाइदाहरू पुऱ्याउन सक्छ ।

क) क्याम्पसमा प्राप्त भएको स्रोत र साधनको उचित प्रयोग गराउँदछ ।

ख) सरोकारवाला पक्षहरूको स्वामित्व बढ्दछ ।

ग) कार्यक्रम कार्यान्वयनमा सरोकारवाला पक्षहरूको सहभागितामा अभिवृद्धि गराउँदछ ।

घ) भविष्यको बाटो स्पष्ट पार्न सहयोग पुग्दछ ।

ङ) नियमित र निरन्तर रूपमा कार्यक्रम सञ्चालन गर्न ढोका खुल्दछ ।

च) जिम्मेवार पक्षलाई निर्णय गर्नका लागि ठोस आधार तयार गर्दछ ।

छ) अन्तर्सम्बन्धको विकास गरी अगाडि बढ्न सजिलो हुन्छ ।

ज) क्रमिक रूपमा समस्याको पहिचान र समाधान हुदै जान्छ ।

झ) संस्था सञ्चालन कार्यशैलीमा स्पष्टता आउँदछ ।

ञ) सहयोगी निकायसंग विश्वास बढ्दछ ।

ट) दातृ निकायबाट प्राप्त अनुदान सहयोग, व्यवस्थित कार्यान्वयनमा सहयोग पुग्दछ ।

ठ) क्याम्पसको संस्थागत विकास र प्रभावकारी व्यवस्थापनको लागि विश्वासिलो दस्तावेजको रूपमा काम गर्दछ ।

ड) QAA प्राप्त गर्न सहयोग पुग्छ ।

ढ) सरोकारवालाहरूको उत्तरदायित्व र जवाफदेहितामा सचेत तुल्याउँदछ ।

खण्ड - दुई

संस्थागत पार्श्वचित्र
Institution's Profile

२.१. सेवाक्षेत्रको समीक्षा (Overview of the Catchments Area) :

क्याम्पसको सेवा क्षेत्र (Catchment Area) प्रत्यक्ष रूपमा प्रदेश नं. १ का सबै जिल्ला हुन भने अप्रत्यक्ष रुपमा देश भरिबाटै हालसम्म यही क्षेत्रहरूबाट उच्च शिक्षा हासिल गर्न विभिन्न तह र सङ्कायमा विद्यार्थीहरू आउने गरेका छन् ।

२.१.१. भौगोलिक अवस्थिति (Geographical Setting) :

जनता बहुमुखी क्याम्पस पूर्वाञ्चल विकास क्षेत्रको निर्माणाधिन प्रदेश नं. १ अन्तर्गत कोशी अञ्चल, सुनसरी , जिल्ला इटहरी उपमहानगरपालिका वडा नं. ५ मा अवस्थित छ । सुनसरी जिल्लाको पूर्वमा मोरङ जिल्ला, पश्चिममा कोशी नदि, उत्तरमा धनकुटा र मोरङ र दक्षिणमा भारतको विहार प्रदेश र भौगोलिक अवस्थिति २६.६६° उत्तरी अक्षांश र ८७.२७° पूर्वी देशान्तरमा अवस्थित छ

२.१.२. सामाजिक, सांस्कृति, आर्थिक र राजनीतिक स्थिति (Socio, Cultural, Economic and Political Status)

क्याम्पस अवस्थित नगरपालिका र छिमेकी गा.वि.स.हरूमा विभिन्न जात, जाति, धर्म, संस्कृतिका मानिसहरूको मिश्रित वसोवास रहेको छ । यहाँ विविधतामा एकता कायम रहेको छ । त्यसैले यस क्याम्पसमा अध्ययनरत विद्यार्थीहरूमा पनि सामाजिक रूपले विविधता रहेको छ । त्यसैगरी यो नगरपालिका तथा आसपासका क्षेत्रहरू तीव्रगतिमा विकसित भइरहेको हुँदा पूर्वाञ्चलका विभिन्न जिल्लाबाट यहाँ बसाई सरेर आउने मानिसहरूको कारणले पनि सामाजिक र साँस्कृतिक विविधता रहेको छ । यहाँका मानिसहरूको मुख्य पेशा व्यापार , कृषि, उद्योग, नोकरी तथा ज्यालामजदुरी आदि रहेको छ । यहाँ आर्थिक रूपले उच्च , मध्यम, निम्न मध्यम र निम्न वर्गका मानिसहरूको बसोवास रहेको छ । यस क्षेत्रमा विभिन्न राजनैतिक दलहरू क्रियाशिल छन् । आपसी मेलमिलाप, र समझदारीका आधारमा आर्थिक , सामाजिक, भौतिक, शैक्षिक, राजनैतिक तथा अन्य विकासात्मक कार्यमा सहकार्य गर्ने परम्परा र संस्कार नै यस क्षेत्रको विशिष्ट परिचय रहन गएको छ ।

२.१.३. शैक्षिक अवस्था र क्षेत्र (Educational Status and Scope):

यस क्याम्पसको सेवाक्षेत्र इटहरी उपमहानगरपालिका भित्र स्नातक र स्नातकोत्तर तह चलेका क्याम्पस ७ वटा, +२ तह चलेका विद्यालय १५ वटा र ५० वटा सामुदायिक तथा संस्थागत माध्यमिक विद्यालयहरु सञ्चालनमा रहेका छन् । स्थापनाले यस क्षेत्रका आसपासका विद्यालय, उच्च मा.वि., संघसंस्था, वित्तिय संस्था, व्यापारिक प्रतिष्ठान आदिलाई शैक्षिक जनशक्ति प्रदान गर्न महत्वपूर्ण योगदान दिएको छ । किनकि पूर्वाञ्चलकै महत्वपूर्ण शिक्षा क्याम्पसको अग्रणी भूमिका निर्वाह गर्दै स्नातकोत्तर तहसम्म पठनपाठनले शिक्षा आर्जनप्रतिको जनचाहनालाई मूर्तरूप दिन सफल भएको छ । यस क्याम्पसले शैक्षिक जनशक्तिको उत्पादनमा महत्वपूर्ण योगदान पुऱ्याउदै आएको छ । यस क्याम्पसले आफ्ना सेवाग्राहीहरूलाई शिक्षा, व्यवस्थापन र मानविकी जस्ता सङ्कायहरू सञ्चालनका साथै अन्य शैक्षिक सेवाहरू प्रदान गरिरहेको छ । यसले स्थानीय स्तरमा आवश्यक पर्ने जनशक्ति देखि लिएर राष्ट्रिय तथा अन्तर्राष्ट्रिय स्तरमा प्रतिस्पर्धा गर्न सक्ने जनशक्ति उत्पादन गरी राष्ट्रको शैक्षिक जनशक्ति पुरा गर्ने कार्यमा योगदान पुऱ्याउदै आएको छ ।

२.१.४. क्याम्पसको सरोकारका क्षेत्र (Concern diamension of campus) :

यस क्याम्पसका मुख्य सरोकारवाला भनेका व्यवस्थापन समिति, प्राध्यापक, कर्मचारी, विद्यार्थी, अभिभावक र विभिन्न सामाजिक संघसंस्थाहरू नै हुन् । यिनै सरोकारवालाहरूको संयुक्त सहकार्यमा यो क्याम्पस सुचारु रूपले सञ्चालन हुदै आएको छ । यस क्याम्पसको भावी प्रगति र विकास पनि यिनै सरोकारवालाहरूको आपसी सुझबुझ, समझदारी र सहकार्यले नै निश्चित गर्दछ । तसर्थ यसको शैक्षिक, प्राज्ञिक, भौतिक र अन्य विकासमा पनि सम्पूर्ण सरोकारवालाहरूको सहभागिता अपरिहार्य छ ।

यसै सन्दर्भमा रणनीतिक योजना निर्माण गर्दा कार्याशाला गोष्ठीमा सहभागी सरोकारवालाहरूले क्याम्पसको PESTAL (Political, Economic, Social, Technological and Legal) Analysis, समूह कार्य, प्रस्तुति र छलफल गरी निम्न आधारहरू प्रस्तुति गरेको छ ।

१. <u>P-Political Environment :</u>

क) राष्ट्रिय राजनीतिमा सम्वद्ध दलहरू क्रियाशिल रहेको ।

ख) स्थानिय निकाय राजनैतिक दलहरूको संयन्त्रद्धारा सञ्चालित ।

ग) वाह्यरुपमा समन्वय देखिए पनि आन्तरिक समस्या समाधानमा सिर्जनात्मक समन्वयको कमिले क्याम्पसको वातावरणमा अन्यौलता ।

घ) विद्यार्थी संगठनहरूमा राजनीतिक दलहरूको प्रत्यक्ष प्रभाव

ङ) तरल राजनैतिक अस्थितरताबाट शिक्षा नीतिमा अस्पष्टता

च) राजनैतिक दलहरूको बन्द हड्तालले पठनपाठनमा नकरात्मक प्रभाव

छ) सरकार परिवर्तन सँगै हुने शिक्षा प्रणालीमा परिवर्तनका कारण शैक्षिक अन्यौलताको स्थिति

ज) राजनैतिक समन्वयको आधारमा नै समस्या समाधान गर्ने परिपाटी

२. E-Economic Environment:

क) क्याम्पसमा अध्ययन गर्न आउने विद्यार्थी तथा अभिभावकको न्यून आर्थिक अवस्थाका कारण न्यून शुल्क निर्धारण

ख) शुल्क वाहेक अन्य श्रोत नभएकाले मापदण्ड अनुसार वेतन निर्धारणमा कठिन

ग) स्थानिय निकायद्धारा नियमित रुपमा सहयोग नगरी पटके सहयोग

घ) समाजलाई अप्रत्यक्ष आर्थिक लाभ : घरभाडा, भूमूल्य वृद्धि, भौतिक निर्माण, बजार विस्तार, आर्थिक कृयाकलापमा वृद्धि, रोजगारीका अवसर

ङ) प्रशस्त भू व्यवस्थापन भए पनि त्यसको उचित सदुपयोग हुन नसकेको

च) त्रिभुवन विश्वविद्यालय र दातृनिकायहरू पर्याप्त समन्वय हुन नसकेको

छ) कार्यक्रम स्वीकृति दिने निकायहरूले आर्थिक भार लगाउने गरेको

ज) UGC को सकारात्मक दृष्टिकोण रहेको ।

३. S-Social Environment

क) मिश्रित समाजः विभिन्न जात जाति, धर्म, सम्प्रदायहरू समिश्रण रहेको

ख) छात्राहरूको वाहुल्यता

ग) समाजले प्राप्त गर्ने लाभप्रति समाजपूर्ण सचेत नभएको

घ) विद्यार्थीहरूलाई लैङ्गिक रुपमा पुरस्कृत र शुल्क छुट गर्न सफल

ङ) समाजका सिमान्तकृत वर्गको आर्थिक पहुँचभित्र शैक्षिक कार्यक्रम सञ्चालिन हुनु

च) भौतिक तथा शैक्षिक क्षेत्रमा स्थानिय व्यक्तिहरूको जागरुकता

छ) राष्ट्रिय मागअनुसारको जनशक्ति उत्पादन गर्न सफल

ज) स्थानिय मागअनुसार शैक्षिक कार्यक्रम दिन सफल

झ) उत्पादित जनशक्तिद्वारा स्थानिय निकाय तथा संघ संस्थामा सेवा पुऱ्याएको ।

४. L-Legal Environment :

क) शैक्षिक विकासमा ऐन नियमको योगदान

ख) भविश्यमा पूर्वाधार पूरा गरी यो क्याम्पस स्वयम मानित विश्वविद्यालय हुने सम्भावना

ग) सम्वन्धन प्राप्त क्याम्पस भएकाले आफ्नै स्वायत्त नियम, विनियम तर्जुमा गरी क्याम्पस सञ्चालन गरिएको

घ) सरकारले नीजि शैक्षिक संस्थामा पनि दलित, पिछडिएको वर्ग, जाती-जनजाती अपाङ्ग आदिलाई निःशुल्क शिक्षा प्रदान गर्ने कोटा निर्धारण गरेको हुँदा लक्षित वर्गले अवसर तथा सुविधा पाउने भएता पनि सरकारद्वारा पर्याप्त सहयोग नपाएको ।

५. T-Technological Environmental Effect:

क) परम्परागत कक्षाकोठाको व्यवस्थापन गरि शैक्षिक गतिविधि सञ्चालन भएको

ख) प्रयोगात्मक विषयहरूमा उपयुक्त साधन र दक्षता प्रयोग गर्न नसकिएको,

ग) शिक्षक तथा कर्मचारीलाई आधुनिक प्रविधिसँग समायोजन गर्न प्रयास गरिरहेको,

घ) पर्याप्त कम्प्यूटर र प्राविधिक उपकरणका कारण प्रशासनिक सेवा सुविधा द्रुत रुपमा प्रदान गरिएको,

ङ) शिक्षक तथा कर्मचारीहरूलाई प्रदान गर्नुपर्ने पुर्नताजगी तथा स्तरवृद्धि सम्वन्धि कार्यक्रममा प्राविधिक रुपले स्तरिकरण गर्न नसकिएको

च) परिवर्तित पाठ्यक्रम र प्रविधि अनुसार विद्यार्थीहरूलाई पाठ्यपुस्तक प्रदान हुन नसकेको

ज) प्रविधि सापेक्ष आवश्यक उपकरण सहित पुस्तकालयको व्यवस्थापन प्रयास गरिएको,

झ) शैक्षिक वातावरणनुकुल प्राध्यापक, विद्यार्थी तथा सरोकारवालाहरूलाई क्याम्पसको पर्यावरणको वारेमा सहज र सजगता अपनाइएको

२.२. संस्थाको विवरण (Description of the Institution) :

२.२.१.ऐतिहासिक पृष्ठभूमी (Historical Background) :

कुनैपनि संघसंस्थाको जन्म हुन त्यस ठाँउको आवश्यकता र चाहना एवं समयको माग अनुसार समाजसेवी , शिक्षाप्रेमी , सचेत नागरिक , चिन्तनशील व्यक्तित्वहरूको मन मष्तिकबाट संस्थाको भित्री स्वरुप जन्म र भौतिक रुपमा देखा पर्दछ । यसैक्रममा यसको विधिवत् स्थापना पूर्व इटहरीबासीले विभिन्न प्रसङ्ग र सन्दर्भमा जनस्तरमा औपचारिक तथा अनौपचारिक छलफल र अन्तक्रियाहरू गरेका थिए । यिनै छलफल र अन्तक्रियाको साकार र सार्थक रुप नै इटहरीको गहनाको रुपमा जनता बहुमुखी क्याम्पसको स्थापना भएको हो । २०४५ साल कार्तिक महिना देखि जनता मा.वि. इटहरी - १ मा प्रविणता प्रमाण तहका कक्षा संचालित यस क्याम्पसले २०४९ साल देखि स्नातक तहको कक्षा सञ्चालन गर्दै आएको र २०५४ साल कार्तिक महिनामा आफ्नै जग्गामा भएको भवनमा स्नातक तहको पठनपाठन सञ्चालन गर्न सफल भयो । स्नातक र स्नातकोत्तर तहको कक्षा सञ्चालन र ६३ जना प्राध्यापक एवं २५७८ विद्यार्थी र २१ जना कर्मचारी रहनुको साथै विभिन्न सङ्काय तथा विभाग , विषयगत समिति , कार्यालय प्रशासन , लेखा प्रशासन , पुस्तकालय, परीक्षा शाखा, प्राविधिक शाखा (कम्प्यूटर ल्याव + प्रयोगशाला) लगायत संस्थागत भै व्यवस्थित रुपमा सञ्चालन भइरहेको छ ।

क्याम्पसको संस्थागत विकास विवरण निम्नानुसार देखाइएको छः

क्र. सं.	साल	घट्नाक्रम	उपलब्धि/प्रभाव	सङ्केत/संलग्नता
१	२२/७/२०४५	क्याम्पस स्थापनाः भू.पू. प्रधानमन्त्री नरेन्द्रप्रसाद रिजालबाट उद्घाटन	इटहरीमा उच्च शिक्षा हासिल गर्ने अवसर प्राप्त भएको	श्री रमेश श्रेष्ठको अध्यक्षतामा १५ सदस्यीय व्यवस्थापन समिति रहेको श्री दधिराम आचार्यको नेतृत्वमा ९ नौ जना प्राध्यापक क्रियाशिल रहेको आई.ए. तर्फ ७४ जना , आई कम तर्फ ६४ जना गरी कूल १३८ जना विद्यार्थी र ४ जना कर्मचारीहरू
२	२०४५	क्याम्पसको लागि जग्गा व्यवस्थापन समिति गठन	इटहरी ५ मा ३-१२-९.५ जग्गा प्राप्ती भएको	हरिप्रसाद रिजाल, केदार ओझा, भूपबहादुर थापा
३	०४५ साल देखि हाल सम्मका क्याम्पस प्रमुख	क्याम्पस प्रमुख	क्याम्पस प्रशासन सञ्चालनमा सहयोग	श्री दधिराम आचार्य ०४५।११।१९ देखि ०४७।३।२९ सम्म, श्री बद्रीविशाल पोखरेल ०४७।०३।३० देखि ०५१।०६।१८ सम्म श्री नारद उप्रेती ०५१।०६।१९ देखि २०७२/११/९ गते सम्म
४	०४५ साल देखि हाल सम्म व्यवस्थापन समिति	व्यवस्थापन समिति	क्याम्पस व्यवस्थापन गर्न सहयोग भएको	श्री रमेश श्रेष्ठको अध्यक्षतामा १५ सदस्यीय २०४५-०४७ सम्म, श्री अमरबहादुर गौलीको अध्यक्षतामा १७ सदस्यीय २०४७-०५२ साल सम्म श्री हरिप्रसाद रिजालको अध्यक्षतामा १९ सदस्यीय २०५२-२०६० सम्म श्री मेदनी सिटौलाको अध्यक्षतामा २१ सदस्यीय २०६० देखि २०६७, श्री विश्वप्रसाद रिजाल २०६७ देखि हाल सम्म
५	२०४५	पुस्तकालय स्थापना	विद्यार्थीहरूले पाठ्य सामग्री अध्ययन गर्ने अवसर प्राप्त भएको	लोकनाथ लम्साल
६	२०४६	राजनीतिक परिवर्तनको अभियान (जन आन्दोलन)	नेतृत्वदायी भूमिका	सबै प्राध्यापक, विद्यार्थी, व्यवस्थापन समिति सक्रिय सहभागी

७	२०४७	हालको भवन भएको जग्गा प्राप्त	इटहरी ५ मा जग्गा ३-१२-९.५ जग्गा प्राप्त	तुलसीजंग कार्की र उहाँको परिवारजनबाट १-१३-६ र वाँकी अन्य दाताहरूबाट समेत गरेर
८	२०४९	मानविकीको स्नातक तहको सम्वन्धन	स्नातक तह अध्ययन गर्न वाहिर जानपर्नेमा इटहरीमा नै अध्ययन गर्ने अवसर प्राप्त भएको	
९	०४९ साल	प्रथम पटक स्वियू निर्वाचन भएको	विद्यार्थीहरूबाट आधिकारीक संस्थाको स्थापना	उमेश पौडेलको सभापतित्वमा स्वियु गठन
१०	२०५२	व्यवस्थापन तर्फको स्नातक तहको सम्वन्धन प्राप्त	व्यवस्थापन सङ्कायमा स्नातक तह अध्ययन गर्ने अवसर प्राप्त भएको	क्याम्पस व्यवस्थापन समिति तथा क्याम्पस प्रमुख नारद उप्रेती संलग्न
११	०५२ साल	हालको क्याम्पस ब्लक नं. १ (दक्षिण तर्फ) भवन शिल्यान्यास	भौतिक पूर्वाधार तयार गर्न सहज भएको	तत्कालिन कोशी अञ्चलाधिश दानवहादुर शाही, क्याम्पस व्यवस्थापन समिति तथा क्याम्पस प्रमुख नारद उप्रेती
१२	०५८ साल	हालको क्याम्पस ब्लक नं. १ र २ को भवन उद्घाटन	दुई तले १७ कोठे भवन तयार भई अध्ययन अध्यापनमा भवन प्राप्त भएको	६४ लाखको लागतमा बनेको तत्कालिन त्रि.वि. उपकुलपति नविनप्रकाशजङ्ग शाहबाट उद्घाटन र प्राध्यापकहरूको समेत सकृयतामा विभिन्न चन्दा दाताहरूबाट सहयोग
१३	२०५८ साल	ब्लक नं. ३ निर्माण र ब्लक नं. १ र २ मा तेस्रो तला थप	जम्मा ३६ कोठा भवन तयार भई सभाकक्ष, प्रयोगशाला तथा प्रशासनिक कक्ष तयार भै सञ्चालनमा आएको	क्याम्पस व्यवस्थापन समिति तथा क्याम्पस प्रमुख नारद उप्रेती
१४	२०६०	शिक्षा तर्फको ३ वर्षे स्नातक तह समन्धन प्राप्त	शिक्षा शास्त्र सङ्कायमा स्नातक तह अध्ययन गर्ने अवसर प्राप्त भएको	क्याम्पस व्यवस्थापन समिति तथा क्याम्पस प्रमुख नारद उप्रेती
१५	२०६१	१ वर्षे वि.एड्. सञ्चालन भएको	शिक्षाशास्त्र वाहेक अन्य विषयमा स्नातक तह अध्ययन गरेका विद्यार्थीहरूलाई शैक्षिक तालिमको अवसर प्राप्त भएको	क्याम्पस व्यवस्थापन समिति तथा क्याम्पस प्रमुख नारद उप्रेती
१६	२०६२/०६३ उच्च माध्यमिक शिक्षा	प्रमाणपत्र तह खारेज गरी +२ को कक्षा सञ्चालन गरेको	सरकारको प्रविणता प्रमाण पत्र तह खारेज गर्ने नीति अनुसार	क्याम्पस व्यवस्थापन समिति तथा क्याम्पस प्रमुख नारद उप्रेती

	परिषद्बाट अनुमति			
१७	०६३/०६४ शिक्षा तर्फ	स्नाकोत्तर तहको अध्यापन सुरु	स्नाकोत्तर अध्ययन गर्ने अवसर प्राप्त भएको	क्याम्पस व्यवस्थापन समिति तथा क्याम्पस प्रमुख नारद उप्रेती
१८	०६४/०६५	व्यवस्थापन सङ्कायतर्फ स्नाकोत्तर तहको अध्यापन सुरु	इटहरीमै व्यवस्थापन सङ्काय तर्फ स्नाकोत्तर अध्ययन गर्ने अवसर प्राप्त भएको	क्याम्पस व्यवस्थापन समिति तथा क्याम्पस प्रमुख नारद उप्रेती
१९	स्वावियू निर्वाचन (वि.सं. २०४९ देखि २०६५ सम्म)	विद्यार्थी र क्याम्पस प्रशासनविच सम्वन्ध विस्तार र विद्यार्थीहरूको आधिकारीक संस्थाको रुपमा क्रियाशिल रहेको	९ नौ पटक स्वावियू निर्वाचन सम्पन्न भएको	क्याम्पस व्यवस्थापन समिति, क्याम्पस प्रमुख, प्राध्यापक, कर्मचारी, निर्वाचन समिति, विद्यार्थी संघ/सङ्गठन
२०	त्रि.वि.प्राध्यापक संघको गठन २०४७/४/२	प्राध्यापकका हक हित र पेशागत क्षमता विकास	८ औँ पटक	भैरवप्रसाद रिजालको सभापतित्वमा ७ सदस्यीय समिति गठन
२१	पब्लिक क्याम्पस पाध्यापक संघ गठन २०६३/९/१८	” ”	२ पटक	शान्तिराम खनालको सभापतित्वमा ११ सदस्यीय समिति गठन
२२	पब्लिक क्याम्पस प्राध्यापक संघको दोश्रो राष्ट्रिय महाधिवेशन सम्पन्न २०६७/१२/२०	देशभरिका ४२५ पब्लिक क्याम्पसहरूको सहभागि		गोपाल पाण्डेको अध्यक्षतामा ५५सदस्यीय केन्द्रीय समितिको गठन
२३	२०७१/२/२ गते रजगत जयन्ती समारोह सम्पन्न			तत्कालिन माननिय शिक्षा मन्त्री चित्रलेखा यादवको प्रमुख आतिथ्यतामा
२४	प्रशासनिक भवन निर्माण	वि.वि. अनुदान आयोगको सहयोगमा		क्याम्पस व्यवस्थापन समिति र भौतिक पूर्वाधार सुधार तथा विकास समिति

२.२.२. भौतिक पूर्वाधार विकास (Phisical Infrastructures) :

यस क्याम्पसले निम्नानुसारको भौतिक पूर्वाधार तयार गरेको छ ।

भौतिक सम्पत्ति विवरण :

क्र.सं.	विवरण	परिमाण	कैफियत
१	शिक्षण भवन (कक्षा कोठा) ब्लक नं. १ (१० कोठा), ब्लक नं. २ (१७ कोठा) र ब्लक नं. ३ (९ कोठा)	३६	
२	शिक्षण भवनअन्तर्गत रहेको स्टाफ शौचालय	३	
३	शिक्षण भवनमा जोडिएको छात्र शौचालय	५	
४	शिक्षण भवनमा जोडिएको छात्रा शौचालय	५	
५	पुस्तकालय भवन	१	
६	सरस्वति मन्दिर	१	
७	सुरक्षा गार्ड (आवास)	१	
८	साइकल स्टेण्ड	१	
९	मोटर साइकल स्टेण्ड	१	
१०	खानेपानी टंकी	२	
११	बास्केटबल	१	
१२	टि.टि.बोर्ड	२	
१३	**जग्गा : ४-११-१३ विगाह**		
१४	दाताहरूबाट प्राप्त (नम्बरी) जग्गा	३-१०-११ विगाह	
१५	क्याम्पसबाट खरिद जग्गा	०-१-१८.५ विगाह	
१६	वृक्षारोपण क्षेत्र	३-००-०० विगाह	
१७	पाठ्यपुस्तक	२५,५०० थान	
१८	डेक्सटप कम्प्युटर	१० थान	
१९	प्रिन्टर (लेजर २ कलर+सादा, डटम्याट्रिक ४	६ थान	
२०	टेलिफोन सेट	२ थान	
२१	खानेपानी ट्यांकी (पक्की+प्लाष्टिक)	९ थान	
२२	जेनेरेटर	१ थान	
२३	पानी तान्ने मोटर	३ थान	
२४	UPS	३ थान	
२५	भित्ते घडी	७ थान	
२६	क्यालकुलेटर	५ थान	
२७	साइकल	१ थान	
२८	वाटर फिल्टर	१ थान	
२९	काठको दराज	१२	
३०	ऱ्याक	९	
३१	सोफा आर्म चियर	७	
३२	स्टील दराज	६	
३३	White Board	३२	
३४	हाते औजार	११	
३५	कम्प्युटर टेबुल	३	

३६	सादा ब्रेञ्च	११	
३७	टुल	६	
३८	जोइन्ट डेक्स ब्रेञ्च	५२५	
३९	टेबुल दराज	२५	
४०	पित्तल घण्टी	२	
४१	पेन ड्राइभ	८	
४२	सादा कुर्सी ५५, प्लाष्टिक कुर्सी १५	७०	
४३	काठको स्ट्याण्ड	२८	
४४	सूचना बोर्ड	३	
४५	टि टेबल	८	
४६	पंखा	१५४	

२.३ शैक्षिक कार्यक्रम तथा सहक्रियाकलाप व्यवस्थापन (Academic Programmes and Curricular Management) :

यस क्याम्पसमा हालसम्म निम्नअनुसार शैक्षिक कार्यक्रमहरू र सहक्रियाकलापहरू सञ्चालन गरिएका छन् :

२.३.१ विद्यार्थी तथा कार्यक्रम विवरण २०६९-२०७२ (Programmes and Student Enrollement and Composition):

क. स.	कार्यक्रम (Programme)	विद्यार्थी भर्ना (Students Enrollment)				कैफियत
		तह	छात्र	छात्रा	जम्मा	
१	+२ व्यवस्थापन	कक्षा ११	४४	६७	१११	
		कक्षा १२	५८	६२	१२०	
२	+२ शिक्षा	कक्षा ११	८	४९	५७	
३	+२ मानविकी	कक्षा ११	६	१२	१८	
		कक्षा १२	१५	८	२९	
४	स्नातक शिक्षाशास्त्र ३ वर्षे	प्रथम वर्ष	२८	८७	११५	
		दोस्रो वर्ष	४१	१६५	२०६	
		तेस्रो वर्ष	७७	२१७	२९४	
५	स्नातक शिक्षाशास्त्र १ वर्षे	१ वर्षे	१०	६	१६	
६	स्नातक व्यवस्थापन	प्रथम वर्ष	१५०	१४९	२९९	
		दोस्रो वर्ष	१२१	१४८	२६९	
		तेस्रो वर्ष	१०५	११३	२१८	
७	स्नातक मानविकी	प्रथम वर्ष	१०	१२	२२	
		दोस्रो वर्ष	२२	२७	४९	
		तेस्रो वर्ष	३०	३५	६५	
८	स्नातकोतर शिक्षाशास्त्र	प्रथम वर्ष	४६	१२२	१६८	
		दोस्रो वर्ष	७०	९३	१६३	
९	स्नातकोत्तर व्यवस्थापन	प्रथम वर्ष	१३	१६	२९	
		दोस्रो वर्ष	२३	१७	४०	
		जम्मा	८७७	१४०५	२२८८	

२.३.२ शिक्षण सिकाई व्यवस्थापन र सहयोग (Curricular Management and Support):

क्याम्पसले आफ्नै स्रोतमा प्रतियोगितात्मक सांकृतिक, साहित्यिक गोष्ठी, अभिमुखिकरण, शैक्षिक भ्रमण, सरसफाई, प्राथमिक उपचार, खेलकुद, हाजिरी जवाफ, आदिको व्यवस्था गर्दै आएको छ । यस्तै कार्यक्रमहरू क्याम्पसको वार्षिक कार्यक्रम अन्तर्गत राखी सम्बन्धित कार्यहरूसँग समन्वय गर्दै कार्यक्रमहरू लगायतका सञ्चालन गर्ने गरिएको छ । यसका लागि खेलकुद र अतिरिक्त क्रियाकलाप समितिको गठन गरिएको छ । सामुदायिक क्रियाकलापहरूमा क्याम्पसको तर्फवाट भागलिने र विद्यार्थीहरूलाई समेत त्यस्ता क्रियाकलापहरूमा समावेश गर्ने तथा आयोजना गर्ने अवसर प्रदान गर्ने गरिएको छ ।

२.३.३ शिक्षण सिकाई व्यवस्थापन र अभ्यास (Curricular Management and Practice):

कक्षा शिक्षण, विषयगत शिक्षण, प्रयोगात्मक कक्षा सञ्चालन आदिलाई दैनिक कार्यतालिकाभित्र समावेश गरी सञ्चालन गर्ने गरिएको छ । शिक्षण सिकाइ कार्यलाई व्यवस्थित गर्न सङ्काय विभागहरू र विषय शिक्षण समितिको गठन गरी कार्य सम्पादनको अनुगमन, निरीक्षण र मूल्याङ्कन गर्ने गरिएको छ । क्याम्पसमा बिहानी, दिवा र बेलुकी तीनवटै शिक्षण–सिकाइ कार्यलाई व्यवस्थित गर्न सहायक क्याम्पस प्रमुखहरू र सङ्काय प्रमुखहरूको व्यवस्था गरी संस्थाको कार्य सञ्चालन तथा पठन पाठनलाई व्यवस्थि तगर्ने प्रयास गरिएको छ ।

२.३.४ शिक्षण सिकाइ स्रोतहरू र सहयोग (Teaching Learning Resources and Support):

शिक्षण सिकाइलाई प्रभावकारी बनाउन विभिन्न विषयगत पाठ्यपुस्तकहरू, अनुसन्धानात्मक कृति, जर्नलहरू र सन्दर्भ सामग्रीहरूको खरीद, सङ्कलन गरी पुस्तकालयलाई र वाचनालयलाई व्यवस्थित गर्ने प्रयत्न गरिएको छ। पुस्तकालयलाई सुविधा सम्पन्न, विद्यार्थी मैत्री र आधुनिक बनाउन E-Library को अवधारणा विकास गरि कार्य प्रारम्भ गरिएको छ ।

बेला बेलामा विशेषज्ञ प्राध्यापकहरूबाट समयसापेक्ष पथ प्रदर्शन हुने गरेको छ । भावी दिनमा क्याम्पसले उच्च शिक्षाको अध्ययन, अनुसन्धान र शोध कार्यमा सक्षम हुन एउटा अनुसन्धान सेल (Research Management Cell) को स्थापना गरिएको छ ।

२.३.५. परीक्षा प्रणाली (Examination System and Result) :

यस क्याम्पसले त्रि.वि. तथा उ.मा.शि.प.द्वारा सञ्चालन गर्ने वार्षिक परीक्षाहरू मर्यादित र व्यवस्थितरूपमा सञ्चालन गर्दै आएको र क्याम्पसले +२ तर्फका कक्षाहरूमा र स्नातक तथा स्नातकोत्तर तहमा प्रवेश परीक्षा लिने व्यवस्था गरेको छ । यसका साथै सबै कक्षाहरूमा आन्तरिक परीक्षा / ल्याकत परीक्षा गरी समयमा नै नतिजा प्रकाशन गर्ने र विद्यार्थीहरूलाई पृष्ठपोषण दिने व्यवस्था गरेको छ । यी परीक्षाहरू व्यवस्थितरूपले सञ्चालन गर्न आन्तरिक परीक्षा समितिको व्यवस्था गरिएको छ । साथै पूर्वाञ्चल विश्वविद्यालयबाट लिइने परीक्षा सञ्चालन तथा व्यवस्थापन गरेको छ ।

२.४. मानवीय स्रोत र व्यवस्थापन (Human Resource Management) :

क्याम्पसको शैक्षिक कार्यक्रमलाई व्यवस्थित गर्न क्याम्पसमा सञ्चालित कार्यक्रम प्राध्यापक, कर्मचारी, विद्यार्थीहरूलाई तालिम, गोष्ठि, कार्यशाला, प्रवोधिकरण, अवलोकन तथा शैक्षिक भ्रमण, लेखन तथा क्षमता अभिवृद्धि र प्रविधिमा पहुँच विस्तार गर्ने कार्य गरिएको छ साथै प्रशासनिक व्यवस्थाको लागि क्याम्पस प्रमुखको नेतृत्वमा निम्न अनुसारको प्रशासनिक संरचना निर्माण गरि कार्यान्वयन गरिएको छ ।

२.४.१ प्रशासनिक संरचना व्यस्थापन र कर्मचारी विवरण (Administrative and Management Personals and Staffs) :

(अनुसुची २ मा उल्लेख छ)

२.४.२. सङ्कायगत कार्यक्रम (Educational Programme) :

क्र.स.	सङ्काय	तह/कार्यक्रम	समय तालिका	कैफियत
१	शिक्षाशास्त्र, व्यवस्थापन, मानविकी, +२ विज्ञान र स्नातकोत्तर व्यवस्थापन	स्नातक/ १, २, ३ र ४ वर्षे	बिहानी सत्र	
२	शिक्षाशास्त्र	स्नातकोत्तर	बेलुकी सत्र	
३	मानविकी, शिक्षा, व्यवस्थापन, विज्ञान	+२ २ वर्षे	दिवा सत्र	

२.५. संस्थागत व्यवस्थापन (Institutional Management) :

२.५.१ व्यवस्थापन समिति (Management Committee) :

	सम्पर्क नं.
	९८४२०३६९३५
	९८५२०५४७४४
	९८४२०६६०९०
	९८४२०९७७९७
	९८४२०४०८७९
	९८४२५००६६६
	९८४२०५८३६६
	०२५-५८०८२०, ९८५२०३६००१
	९८५२०४८९०८
	९८४२०३६६५३

९८४२१७५९८२

९८५२०३४७१४

०२५-५८१५९१, ९८५२०४६७५०

९८४२०२४८०३

९८४२०२५४३९

९८४१८५१२७४

९८४२०५७३५४

९८४२०६६६४६

९८५२०५४५०६

९८४२०८७७३३

क. कोष तथा लेखा परिचालन उपसमिति :

क्र.सं.	नाम	पद
१.	भिमप्रसाद सुवेदी (सागर)	संयोजक
२.	यादव पराजुली	सह संयोजक
३.	रबिन बस्नेत	सदस्य
४.	रमेशकुमार पोखेल	सदस्य
५.	निरकुमार राई	सदस्य

६.	केवलप्रसाद फुयाल (प्रा.सं. प्रतिनिधि)	सदस्य
७.	निलम चम्लागाई	सदस्य

ख. निरीक्षण , सुपरिवेक्षण तथा शैक्षिक व्यवस्था उपसमिति :

क्र.सं.	नाम	पद
१.	केशवप्रसाद सिटौला	संयोजक
२.	यामकुमार सुब्बा	सह संयोजक
३.	लक्ष्मी गौतम	सदस्य
४.	निरकुमार राई	सदस्य
५.	भोजराज श्रेष्ठ	सदस्य
६.	गीता अधिकारी	सदस्य
७.	शान्तिराम खनाल	सदस्य
८.	निलम चम्लागाई	सदस्य
९.	टोलनाथ काफ्ले	सदस्य
१०.	उपेन्द्रकुमार राई	सदस्य
११.	बद्रीप्रसाद ढुङ्गेल	सदस्य

ग. भौतिक पूर्वाधार सुधार तथा विकास उपसमितिः

क्र.सं.	नाम	पद
१.	ठमनाथ लम्साल	संयोजक
२.	उद्धवप्रसाद पौडेल	सह संयोजक
३.	वालकृष्ण विष्ट	सदस्य
४.	आकाश हाङ्ग लिम्बू	सदस्य
५.	गौरीमान परियार	सदस्य
६.	भिमप्रसाद सुवेदी (सागर)	सदस्य (पदेन)
७.	निरकुमार राई	सदस्य (पदेन)

घ. कार्य सम्पादन समितिः

क्र.सं.	नाम	पद
१.	विश्व प्रसाद रिजाल	संयोजक
२.	चन्द्रप्रसाद भट्टराई	सह संयोजक
३.	भिमप्रसाद सुवेदी (सागर)	सदस्य
४.	ठमनाथ लम्साल	सदस्य
५.	उद्धवप्रसाद पौडेल	सदस्य
६.	केशव सिटौला	सदस्य
७.	निरकुमार राई	सदस्य
८.	केवल फुयाल	सदस्य

ङ. उच्च मा.वि. व्यवस्थापन उपसमितिः

क्र.सं.	नाम	पद
१.	उद्धव प्रसाद पौडेल	संयोजक
२.	वालकृष्ण विष्ट	सह संयोजक
३.	आकाशहाङ लिम्बू	सदस्य
४.	गीता अधिकारी	सदस्य
५.	उपेन्द्रकुमार राई	सदस्य
६.	बद्रीप्रसाद ढुङ्गेल	सदस्य

२.५.२. प्रशासन (Administration) :

यस क्याम्पसको विधान अनुसार क्याम्पस प्रमुखको नियुक्ति क्याम्पस व्यवस्थापन समितिले गर्दछ । व्यवस्थापन समितिले प्राध्यापक र कर्मचारी पदपूर्ति समितिको गठन गरी खुल्ला प्रतिस्पर्धाद्वारा प्राध्यापक तथा कर्मचारीहरूको नियुक्ति गर्ने गरिएको छ । प्राध्यापक तथा कर्मचारीहरूको सेवा शर्तहरू विधान/नियमावलीमा तोकिए अनुसार लागु गरिएको छ ।

प्रशासनिक पहुँचलाई बढाउन सङ्काय, विभाग र शिक्षण समितिहरूको गठन गरिएको छ । अभ्यास शिक्षण र शोध कार्यलाई व्यवस्थित गर्न अभ्यास शिक्षण समिति र सङ्कायगत शोध समिति (Thesis Committee) को गठन गरिएको छ । यसरी रेखा तथा कर्मचारी संगठन (Line and Staff Organisation) को संयोजनबाट जनता बहुमुखी क्याम्पसको प्रशासनलाई चुस्त, दुरुस्त पारदर्शि, समावेशी बनाइएको छ ।

२.५.३. प्राज्ञिक व्यवस्थापन (Academic Managemnet) :

क्र.स.	विवरण	जम्मा	स्थायी		अस्थायी		जनजाति	दलित
			पुरूष	महिला	पुरूष	महिला		
१	सह प्राध्यापक	७	५	२			३	
२	उप प्राध्यापक	९	८	१			१	
३	सहायक प्राध्यापक	२४			२१	३	३	
४	आंशिक करार	२३			२०	३	४	
कुल जम्मा		६३	१३	३	४१	६	११	

२.६. आर्थिक तथा वित्तिय व्यवस्थापन (Economic and Financial Management) :

२.६.१. सञ्चालन आय, व्यय तथा बचत (Income Expenditure and Surplus Trend) :

क्र.सं.	आर्थिक वर्ष	आम्दानी	खर्च	बचत	कैफियत
१	०६८/०६९	२२५९४६९०	२३४१४००३	८१९३१३	

२	०६९/०७०	२६३८८९७८	२४८५४६५७	१५३४४११	
३	०७०/०७१	३५८१३४७५	२९४९४४४५	६९१९०३०	

आम्दानी तथा खर्चका शीर्षक अनुसारको विवरण अनुसूचीमा समावेश गरिएको छ ।

२.६.२ आम्दानीका स्रोतहरू (Sources of Income) :

क्याम्पसका आम्दानीका स्रोतहरू रु. प्रतिशतमा निम्नानुसार रहेका छन् :

- शिक्षण शुल्क
- प्रवेश शुल्क
- भौतिक सुधार शुल्क
- परीचय पत्र शुल्क
- अक्षयकोष शुल्क
- परीक्षा शुल्क
- दर्ता शुल्क
- विविध शुल्क तथा अन्य आय
- मर्मत सम्भार शुल्क
- सह क्रियाकलाप शुल्क
- विद्यार्थी कल्याण कोष
- बैंकबाट प्राप्त हुने व्याज
- जग्गाबाट हुने आम्दानी
- उ.मा.शि.प. बाट अनुदान
- विश्व विद्यालय अनुदान आयोगबाट प्राप्त अनुदान

२.६.३ प्रतिविद्यार्थी लागत (Cost Per student) :

आर्थिक वर्ष २०७०/०७१ को कूल खर्च र त्यस सालको विद्यार्थी संख्या २५७८ को आधारमा प्रति विद्यार्थी लागत ११,४४०.०० पर्न गएको छ ।

२.६.४ लेखा प्रणाली (Financial System) :

लेखा परीक्षण साथै मेनुअल अभिलेखको आधारमा दोहोरो लेखा प्रणालिमा आधारित लेखा र क्वान्टम सफटवेयरको कम्प्युटर प्रणालीमा अभिलेखीकरण गरी दुरुस्त राख्ने काम भएको छ । आन्तरिक तथा वाह्य रुपमा लेखापरीक्षण नियमित रुपमा हुने गरेको छ ।

२.६.५ आर्थिक दीगोपनका (Finnacial Sustainability)

क्याम्पसको आर्थिक दीगोपनका लागि व्यवस्थापन समिति, प्राध्यापक, समाजसेवी, कर्मचारी, विद्यार्थी, सरोकारवाला आदि सवै पक्षसँग अन्तरकृया र गोष्ठि गरी व्यवस्थापन समितिले कोष अभिवृद्धि नीति तयार पारी सोको कार्यान्वयनको लागि कोष अभिवृद्धि एकाईको गठन , गरी कोष अभिवृद्धिका लागि प्रचार प्रसार गर्ने, सेमिनारहरू सञ्चालन गर्ने, विद्यार्थी भर्नादर वृद्धिका लागि रेडियो, टेलिभिजन, प्रेस मिडिया, सामाजिक सञ्चाल, वेव साइट, सूचना वोर्ड मार्फत सूचना प्रवाह गर्ने र स्थानिय निकाय, सामाजिक संघसंस्था, व्यापारिक संगठनसँग अन्तरक्रिया र परामर्श गर्दै सम्वन्ध विस्तार गरी नियमित रुपमा आयश्रोतको व्यवस्थापन गर्ने जस्ता महत्वपूर्ण अभ्यासहरू हुँदै आएका छन् ।

२.७ अनुसन्धान , अभिलेखीकरण र प्रकाशन (Research , documentation and publications)

अनुसन्धान , अभिलेखीकरण र प्रकाशनलाई मजबुत् बनाउन हालसम्म यस क्याम्पसले पुस्तकालयलाई व्यवस्थित बनाउने, अनुसन्धानकक्षको व्यवस्था गर्ने, अनुसन्धान गर्न र गराउन उत्प्रेरित गर्ने, हरेक वर्ष क्याम्पसको मुख पत्र र अनुसन्धानात्मक लेख, रचना प्रकाशन गर्ने , अनुसन्धनात्मक तालिम र सहुलियत दिने, वार्षिक कार्ययोजना निर्माण गरी कार्यान्वयन गराउने , कम्प्यूटर प्रविधि उपयोग गरी अभिलेखिकरण गर्ने जस्ता कार्यहरू भईरहेका छन् ।

२.८ अतिरिक्त क्रियाकलाप (Extra Curricular Activities) :

यस क्याम्पसले नियमित वार्षिक कार्य योजना निर्माण गरी अतिरिक्त कार्यक्रहरू गर्दै आइरहेको छ । यसका लागि क्याम्पसले प्राध्यापक, स्वतन्त्र विद्यार्थी युनियन र विद्यार्थी सङ्घ/सङगठनका प्रतिनिधिहरूको प्रतिनिधित्वमा अतिरिक्त क्रियाकलाप कार्यक्रम गराउने र पुरस्कार, प्रशंसापत्र, कदरपत्रसमेत प्रदान गर्ने प्रचलन रहेको छ । उक्त कार्यक्रमहरू निम्नअनुसार सञ्चालन गर्ने/ गराउने कार्य हुदै आएको छ ।

२.८.१ Indoor Activities (कोठा भित्र)

कविता गोष्ठी, वतृत्व कला प्रतियोगिता, निबन्ध/ प्रबन्ध लेखन, हिज्जे कार्यक्रम, चेस, लुडो, टेवलटेनिस, चित्रकला

२.८.२ Out door Activities (कोठा बाहिर)

फुटबल, भलिबल, वास्केट वल, क्रिकेट, एथलेटिक्स, स्किपीङ्ग, कबड्डी

खण्ड - तीन
विकास प्रवृत्ति
Development Trend

३.१. भौतिक संरचनाको पूर्वाधार (Physical Infrastructure) :

वि.सं. २०४५ सालमा क्याम्पसको स्थापना भए पश्चात व्यवस्थापन समितिको पहलमा २०४७ सालमा इटहरी - ५ मा रहेको ३-१२-९.५ विगाह जग्गा २४ जना जग्गा दाताबाट र क्याम्पसको आन्तरिक स्रोतबाट समेत केही जग्गा खरीद गरी उक्त जग्गामा ३ तले ३६ कोठाको पक्की भवन निर्माण भएको छ । हाल क्याम्पसलाई थप ३ विगाह जति जग्गा वन समितिबाट हस्तान्तरण भएको छ । यस सम्बन्धि विस्तृत विवरण माथि २.२.२ मा उल्लेख भएको छ ।

३.२. कार्यक्रमिक/ प्राज्ञिक विकासको प्रवृति (Program/Academic Development Trend) :

यस क्याम्पसले २०४५।०३।३१ मा सर्वप्रथम आइ.ए. र आइ.कम. को पठनपाठन शुरु गरी क्रमशः २०४९।०५।०९ मा बि.ए. , २०५२।०२।२१ मा बि.बि.एस. , २०६०।०५।१० मा बि.एड.(तीन वर्षे) , २०६१।०८।३१ मा बि.एड. (एक वर्षे) गरी स्नाताक तह एवं २०६३।१२।०१ मा एम.एड. र २०६४।०८।१४मा एम.बि.एस. समेतको कार्यक्रम सञ्चालन गरेको छ । जसको विवरण निम्नानुसार रहेको छ :

३.३. विद्यार्थी भर्ना प्रवृति (Student Enrolment Trend) :

यस क्याम्पसको पछिल्ला ३ वर्षहरूको तथ्याङ्कका आधारमा विद्यार्थी भर्ना प्रवृत्तिलाई निम्नानुसार प्रस्तुत गरिएको छ ।

क्र. सं.	तह/समूह/वर्ष	२०६९			२०७०			२०७१		
		छात्र	छात्रा	जम्मा	छात्र	छात्रा	जम्मा	छात्र	छात्रा	जम्मा
१	+ २ (वाणिज्य,शिक्षा र मानविकी) कक्षा-११	१५४	१३०	२८४	१०६	१३२	२४३	७४	१४८	२२२
२	+ २ (वाणिज्य,शिक्षा र मानविकी, विज्ञान) कक्षा-१२	१६२	२०५	३६७	१२५	१११	२३६	१०९	१४८	२५७
३	स्नातक शिक्षा	३७७	८९१	१२६८	२५३	८७१	११२४	२८८	७८५	१०७३
४	स्नातक मानविकी	११०	११३	२२३	११७	१२२	२३९	१०३	११३	२१६
५	स्नातक व्यस्थापन	४७३	२४८	७२१	४८९	३२४	८१३	५४३	९३९	१४८२
६	स्नातकोत्तर शिक्षा	१७७	१४५	३२२	११७	२१४	३३१	८१	१८४	२६५
७	स्नातकोत्तर व्यवस्थापन	४४	१४	५८	५३	२४	७७	२७	३४	६१
८	एक वर्षे वि.एड.	१४	९	२३	१०	६	१६	२	२	४

३.४. शिक्षक विद्यार्थी अनुपात (Teacher Student Ratio) :

शैक्षिक वर्ष	विद्यार्थी संख्या	शिक्षक संख्या	अनुपात
२०६९/०७०	३१८५	९०	१:३६
२०७०/०७१	२५७८	७६	१:३४
२०७१/०७२	२४७०	६२	१:४०

३.५. संस्थागत विकास (Institutional Development) :

यस क्याम्पसको आफ्नै विधान नियमावलीको आधारमा सङ्गठनात्मक संरचना तयार भई कार्यानवयनमा छ । क्याम्पसलाई व्यवस्थित रुपमा सञ्चालन गर्न स्रोत साधनको उचित प्रयोग गराउन व्यवस्थापन परिषद मार्फत विधिवत् रुपमा व्यवस्थापन समिति विधान अनुसार नियमित रुपमा गठन हुँदै आएको छ । क्याम्पसको कार्यगतिशिलता नियमित र निरन्तरताका लागि व्यवस्थापन समितिको मातहतमा रहने गरी तयार गरिएको संरचनात्मक ढाँचा २.४.१ मा उल्लेख छ ।

३.६. आर्थिक तथा वित्तीय विकास (Economic and Financial Development) :

यस क्याम्पसले शुरुका दिनमा जग्गा दाताबाट स्थायी सम्पत्तिको रुपमा ३-१२-९.५ विगाह जग्गा प्राप्त गरेको र पछिल्ला दिनहरूमा वन उपभोक्ता समिति इटहरी-५ ले वृक्षारोपण गरी संरक्षण गर्दै आएको लगभग ३ विगाह जग्गा समेत क्याम्पसले प्राप्त गर्नु दीगो सम्पत्तिको रुपमा लिन सकिन्छ । त्यसैगरी चन्दादाता तथा परिषद् सदस्यबाट प्राप्त भएको रकमले भौतिक सम्पत्तिमा ठूलो टेवा पुगेको छ भने शैक्षिक तथा प्रशासनिक खर्चको लागि विद्यार्थी शुल्क, विद्यार्थीको लागि प्रदान गर्ने गरि स्थापना भएको अक्षयकोष प्रमुख अंग बनेको छ । स्थानीय निकाय (न.पा. उ.म.न.पा., जि.वि.स.) तथा विश्व विद्यालय अनुदान आयोगको नियमित र निरन्तर सहयोग पनि क्याम्पसको आर्थिक विकासको लागि महत्वपूर्ण छ ।

खण्ड - चार
संस्थागत अवस्था विश्लेषण
SWOT Analysis of Institution

संस्थाको रणनीतिक योजना तयार गर्दा त्यस संस्थाको वास्तविक अवस्थाको विश्लेषण हुनु पनि त्यति नै जरुरी छ । संस्थाको अवस्था विश्लेषणबाट संस्थाभित्रको वर्तमान अवस्था सवल (Strength) , कमजोरी/सुधार पक्ष (Weakness) आन्तरिक रुपमा र बाह्य परिवेशमा प्राप्त हुन सक्ने अवसर/मौका (Opportunities) र वाधा/अवरोध (Threat) को पहिचान गर्न SWOT Analysis गर्नु आवश्यक हुन्छ । यस क्रममा संस्थासँग जोडिएका आन्तरिक तथा बाह्य परिवेशमा सामाजिक , आर्थिक , शैक्षिक , भौतिक एवम् व्यवस्थापन पक्ष र संस्थागत विकासको पक्षमा पुनरावलोकन गरिन्छ । यसै क्रममा जनता बहुमुखी क्याम्पस , इटहरी - ५ सुनसरीको प्रत्यक्ष सरोकारवाला पक्षको संलग्नतामा अवस्था विश्लेषण कार्य गरियो । सरोकारवाला निकायहरूको प्रत्यक्ष सहभागितमा समूह कार्य गरी प्रस्तुती र छलफल पश्चात निम्नानुसार सवल, कमजोर पक्ष, अवसर र चुनौति बिश्लेषण गरिएको छ ।

४.१. सवल पक्षहरू (Strengths):

- जनस्तरबाट निर्माण गरिएको(***जनसहयोबाट जग्गा प्राप्त तथा भौतिक संरचना निर्माण अनुसूचि १)***
- समुदायको योगदान (***सामाजिक व्यक्तित्वहरूद्धारा व्यवस्थापन समिति गठन, बिभिन्न छात्रबृति तथा अक्षय कोषको स्थापना, अनुसूचि २***)
- विभिन्न विषयहरूमा स्नातकोत्तर तह सम्म पठन पाठन (***शिक्षा,मानविकी, बिज्ञान, ब्यवस्थापन अनुसूचि ३***)
- आन्तरिक मूल्यांकन परिक्षा र त्यसका नतिजा बिष्लेषणका आधारमा थप अतिरिक्त कक्षाको ब्यवस्थापन भएको । (***आन्तरिक परीक्षाको नतिजा बिष्लेषण भएको, अनुसूचि ४***)
- अनुभवी र पेशागत दक्षता भएका प्राध्यापकहरू (***अनुसुची ५)***
- शैक्षिक उपलब्धिका आधारमा बिद्यार्थीहरूलाई छात्रबृतिको ब्यवस्था(***बिभिन्न क्षेत्र र बर्गका बिद्यार्थीहरूलाई छात्रबृति बितरण गरिएको***) (अनुसुची ६)
- बिभागीय ब्यवस्थापन भएको
- समावेसी प्राध्यापक र कर्मचारीहरू भएको
- शैक्षिक सूचना प्रणालीको ब्यवस्था -
- राष्ट्रिय तथा अर्न्तराष्ट्रिय संस्थाहरूसँग सम्वन्ध विस्तार हुँदै गएको
- प्रविधियुक्त शैक्षिक कक्षा कोठा र सामग्रीहरूको ब्यवस्था (***फर्नीचर, कक्षाकोठा र सामाग्रीहरूको बिवरण)***
- बैकल्पिक उर्जाको ब्यवस्था -
- भौतिक संरचनाको सुविधा सम्पन्न (खेलमैदान, साईकल मोटरसाईकल पार्किङ्गको ब्यवस्था)
- प्रर्याप्त शौचालय, खानेपानीको ब्यवस्था
- यातायातको ब्यवस्था भएको
- नियमित जर्नल प्रकाशन

- लघु अनुसन्धान प्रकाशन
- सामुदायिक सर्वेक्षण र प्रतिवेदन तयारी
- पत्रकारिता तालिम तथा कार्याशाला गोष्ठि
- बिद्यार्थी संख्याका आधारमा कक्षाकोठा र भवनको ब्यवस्था (
- उपयुक्त विषय र सङ्कायको छनौट
- ३६ कोठे तीन तले भवन
- क्याम्पसको स्वामित्वमा ६-१२-९.५ विगाहा जमिन रहेको
- सर्व सुलभ शुल्कको ब्यवस्था गरि पठन पाठन
- आर्थिक अनुसाशन र पारदर्शीता
- नियमित लेखापरीक्षण
- बार्षिक कार्यक्रम र आर्थिक योजना निर्माण गरि कार्य सो अनुसार कार्यान्वयन गरिएको
- क्याम्पसहाता भित्र बृक्षारोपण गरिएको
- फूलबारीको ब्यवस्था
- उपयुक्त फोहोर मैला ब्यवस्थापन
- बिद्यर्थीहरूको सहभागितामा नियमित सरसफाई कार्यक्रम

४.२ कमजोरीहरू(Weaknesses) :

- स्थानीय सरोकारवालाहरूको सहकार्यमा कमि
- सबै सरोकारवालाहरूलाई अपनत्वको भावना बिकाश गराउन नसक्नु ।
- व्यवसायिक तथा प्राविधिक शिक्षा सञ्चालन गर्न नसक्नु
- कम्प्युटर प्रयोगशालाको अभाव
- ब्यवस्थित अध्ययनकक्ष र इ-लाईब्रेरीको अभाव
- सूचकमा आधारित नियमित अनुगमनको अभाव
- प्रर्याप्त श्रोत पुस्तकहरूको कमि, गाईडबुकहरूको संख्या बढि भएको
- अतिथि गृहको व्यवस्था गर्न नसक्नु
- चमेना गृहको अभाव
- अचारसंहिताको पूर्ण पालना नभएको
- शिक्षक र कर्मचारीहरूको स्तर उन्नति सम्बन्धी कार्यक्रम सञ्चालन गर्न नसक्नु
- विज्ञान प्रयोगशाला , छात्रावास , पुस्तकालय र वाचनालयको समयानुकूल निर्माण , सुधार र आधुनिकीकरण गर्न नसक्नु
- स्थायी आयश्रोतको पहिचान र उपभोग हुन नसक्नु
- आर्थिक रुपले सवल विद्यार्थीहरूलाई आकर्षित गर्न नसक्नु
- आवश्यकता अनुसार कोष निर्माण र बजेट बिनियोजन हुन नसक्नु
- फोहोरमैला ब्यवस्थापनको उपयुक्त बिधि र तरीका अवलम्वन गर्न नसकिएको

४.३. अवसरहरू (Oppportunities) :

- प्राविधिक र व्यवसायिक शैक्षिक कार्यक्रम सञ्चालन गर्न सक्ने
- यस क्षेत्रमा शैक्षिक नेतृत्व लिन सक्ने
- भौतिक पूर्वाधारको कारणबाट विभिन्न निकायबाट थप अनुदान र आर्थिक सहयोग प्राप्त गर्न सक्ने
- गुणस्तर सुनिश्चितता प्रत्यायन प्रमाणपत्र प्राप्त गर्न सक्ने

- क्याम्पसलाई आवश्यक पर्ने दक्ष जनशक्ति उत्पादन
- मानित विश्वविद्यालयमा पुग्न सक्ने अवसर
- शहरीकरण तथा जनघनत्वका कारण बिद्यार्थी संख्या बृद्धि हुने
- त्रि.वि.वि. तथा UGC को क्याम्पसप्रतिको दृष्टिकोण सकारात्मक हुनु
- उच्च शिक्षामा विकेन्द्रीकरणको नीति
- खेलमैदानलाई क्षेत्रीय खेलकुद केन्द्रको रुपमा बिकाश गर्न सक्ने
- व्यवस्थित छात्रावासको निर्माण गर्न सक्ने
- सवै वर्ग र समुदायका विद्यार्थीहरूलाई आकर्षित गर्न सक्ने
- बिश्वबिद्यालय अनुदान आयोगद्धारा तोकिएको उच्च शिक्षा सुधार परियोजना (HERP) मा राष्ट्रिय स्तरमा छनौट हुनु ।
- पर्यावरणीय दृष्टिकोणले क्याम्पस परिवेसलाई सुधार र ब्यवस्थापन गर्न सक्ने
- स्थानीय निकाय तथा संघ संस्थाहरूसँग समन्वयगरि दिगो आर्थिक बिकाशका कार्यक्रमहरू सञ्चालन गर्न सकिने ।

४.४. अवरोधहरू (Threats) :

- राजनैतिक अस्थिरता एवम् बढ्दो राजनीतिक प्रभाव
- समय सापेक्ष बजारिकरणको नीति निर्माण र बजारीकरण गर्न नसक्नु
- विद्यार्थी भर्ना बाहेक अन्य आम्दानीका श्रोत नहुनु
- स्थायी आम्दानीको श्रोत ब्यवस्थापन नहुनु
- परीक्षाफललाई परिमाणात्मक र गुणात्मक रुपमा अभिवृद्धि गर्न नसक्नु
- स्थानीय नीजि शैक्षिक संस्थाहरूसँग प्रतिस्पर्धा गर्न नसक्नु
- समय अनुसार बिषयहरू ल्याउन नसक्नु

४.५ संस्थागत विकासका लागि मुख्य प्राथमिकताका क्षेत्रहरू (Core Priorities for the Institutional Development):

संस्थागत अवस्था विश्लेषणको आधारमा क्याम्पसलाई प्रभावकारी ढङ्गले संस्थागत विकासको लागि समूहगत प्रस्तुती र छलफल पश्चात निम्न पक्षको समुचित विकास गर्नुपर्ने ठहर गरिएको छ ।

(क) प्रभावकारी व्यवस्थापन तथा संस्थागत विकास

(ख) शैक्षिक विकास (QAA प्राप्त शैक्षिक संस्थाको रुपमा स्थापित गर्ने) अनुसुची ९

(ग) भौतिक पूर्वाधार विकास (भौतिक साधन, स्रोत र प्रविधिले सम्पन्न शैक्षिक संस्था बनाउने)

(घ) दीगो आर्थिक विकास (क्याम्पसलाई आत्मनिर्भर बनाउने)

(ङ) अनुसन्धान (अनुसन्धानमूलक शैक्षिक केन्द्रका रुपमा विकास गर्ने)

च) अभिलेखीकरण, प्रकाशन (शैक्षिक, भौतिक, आर्थिक, प्रशासनिक आदिको चुस्त दुरुस्त अभिलेख राखी नियमित प्रकाशन गर्ने)

(छ) सुशासन (क्याम्पस विधान, विनियम, नीति, रणनीति तथा योजना अनुरुपको कार्य प्रणालीमा क्याम्पस सञ्चालन गर्ने)

(ज) समावेशीकरण (क्याम्पससँग सम्बन्धित प्रत्येक निकायमा समावेशीकरणको मान्यताका आधारमा सञ्चालन गर्ने)

(झ) पर्यावरणीय पक्ष (क्याम्पस भित्रको भौतिक तथा शैक्षिक गतिविधि अनुकुल वातावरणीय पक्षको निर्माण तथा व्यवस्थपन गर्ने)

(ञ) स्थानिय स्तरमा आवश्यक परामर्श सेवा प्रदान गर्नु

खण्ड - पाँच
रणनीतिक योजना
Strategic Plan

रणनीतिक योजना भनेको उपलब्ध साधनहरूको आधारमा वातावरणीय विश्लेषण गरी संस्थाको सवल पक्ष , दुर्वल पक्ष , अवसर तथा चुनौतीहरू पहिचान गरी संगठनात्मक रुपमा लक्ष्य तथा उद्देश्य निर्धारण गर्नु र विकल्पको छनौट गरी कार्ययोजना बनाउनु हो ।

यस क्याम्पसको रणनीतिक योजनाको निर्माण गर्ने क्रममा क्याम्पसको VMGO, आचारसंहिता र रणनीतिक योजनाका प्रमुख क्षेत्रहरूको आधारमा सरोकार पक्षबीच सहभागितात्मक रुपमा समूहगत प्रस्तुती , छलफल गरी निम्नानुसार तयार गरिएको छ ।

५.१ परिकल्पना, ध्येय , लक्ष्य र उद्देश्य (VMGO):

Vision :

